# भाग ४

श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको सूचना

अर्थ मन्त्रालयका का. मु. सचिव श्री शशिनारायण शाह अन्तर्राष्ट्रिय कृषि विकास कोषको कार्यकारी समितिमा एशियाको प्रतिनिधित्व गर्ने वैकल्पिक सदस्यमा मनोनीत हुनुभई उक्त समितिको बैठकमा भाग लिन इटलीको रोमतर्फ जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका अतिरिक्त सचिव श्री मोहनराज शर्मालाई मिति २०४६।५।२६ देखि कायम मुकायम मुकरर गरेको छ।

आज्ञाले,
नरसिंहनारायण सिंह
श्री ५ को सरकारको सचिव

## महालेखा परीक्षकको विभागको सूचना

श्री ५ को सरकारको मिति २०४६।४।१६ को निर्णय अनुसार देहायका व्यक्तिहरूलाई लेखापरीक्षण सेवा, राजपत्राङ्कित तृतीय श्रेणीको लेखापरीक्षण अधिकारी पदमा १ (एक) वर्षको परीक्षणकालमा रहने गरी मिति २०४६।४।१ देखि लागू हुने गरी नियुक्ति गरी यसै विभागमा पदस्थापन गरिएको छ।

१. श्री शिवराज श्रेष्ठ
२. श्री सुकुदेव खत्री
३. श्री दीपक मल्ल

आज्ञाले,
फत्यबहादुर सिलवाल
निर्देशक



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
262